राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY








वर्ष-१६ ।। अङ्क : १२४ ॥ २०८१ असार ०१ गते शनिबार (15th Jun 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


# पहिरोमा परी एकै घरका ४ जनाको मृत्यु, २ जना घाइते



झापा(प्रस) । बिहीवार राति गएको पहिरोमा परी ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-२ खेजेनिम टिन्जामा एकै घरका ४ जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख डीएसपी रवि रावलका अनुसार फक्ताङलुङ गाउँपालिकाका उपाध्यक्ष रवीन साम्राका बुबा, कान्छीआमा र उनीहरूका दुई सन्तानको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ७० वर्षीय रामबहादुर साम्रा, उनकी ४८ वर्षीया श्रीमती जसमाया लिम्बू रहेका छन् । त्यस्तै उनीहरूका १० वर्षका जुम्ल्याहा छोरीहरू गंगा र जमुनाको पनि पहिरोमा परी मृत्यु भएको छ ।

राति सुतिरहेका बेला माथिबाट खसेको पहिरोमा उनीहरू पुरिएका हुन् । सिंवा प्रहरी चौकी र मित्लुङ हाइड्रोपावरमा रहेको खटिएको नेपाली सेनाको टोलीसहित स्थानीयले पहिरोबाट शव निकालेको डीएसपी रावलले जानकारी दिए ।

त्यस्तै खेजेनिम मावि छेउमा गएको अर्को पहिरोमा परी ४० वर्षीय युगेन साम्रा र उनका तीन वर्षीया छोरी घाइते भएको नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङले जनाएको छ । रेडक्रस सभापति इन्द्र गुरुङका अनुसार पहिरोले युगेनको घरमा क्षति पुर्याएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक कमल लुंगेलीको नेतृत्वमा थप टोली परिचालन गरिएको डीएसपी रावलले जानकारी दिए । सदरमुकाम फुङलिङसहित जिल्लाका धेरै ठाउँमा लगातार वर्षा भइरहेको छ ।

## संखुवासभामा बाढीका कारण १२५ बढी परिवार विस्थापित

झापा(प्रस) । संखुवासभा खाँदबारी नगरपालिकाका विभिन्न स्थानमा गएको बाढी पहिरोले तीन घर बगाएको छ । करिब एक सय २५ भन्दाबढी परिवार विस्थापित भएका छन् । पहिरोले खाँदबारी- ११ आङ्ला गाउँमा तीन घर बगाएको हो ।

बुधबार राति भएको अविरल वर्षासँगै गएको पहिरोले कोक्तिमा गाउँका मणिप्रसाद राई, रामप्रसाद राई र दिलबहादुर राईको घर बगाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए ।

पहिरोमा परेर मणिप्रसाद राई घाइते भएका छन् । त्यस्तै चट्याङ लागेर चिचिला गाउँपालिका-२ आहालेकी सावित्रा गुरुङको मृत्यु भएको छ । खाँदबारी नगरपालिका-५ र ६ मा आएको बाढीले कुलो बगाउँदा कम्तीमा एक सय १० परिवारलाई प्रत्यक्ष असर परेको वडा नं ६ अध्यक्ष अर्जुनकुमार तामाङले जानकारी दिए । खेतबारीमा ठूला ठूला ढुङ्गा थुप्रिएर बगरमा परिणत भएका छन् ।

डुङ्डुगे आकाशे सिँचाइ र हिँगुवा कुलो सिँचाइमा बाढी पसेपछि ती परिवार जोखिममा परेका हुन् । धुपू बाह्रबिसे जोड्ने माल्टा खोलामाथिको पक्की पुल जोखिममा परेको छ । खाँदबारी-४ सेकाहामा चार घर पहिरोबाट विस्थापित बनेका छन् । पहिरोबाट विस्थापित बनेका छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् ।

वर्षा धेरै भएकाले नदी किनारा, भिरपहरामा बसेकालाई सुरक्षित स्थानमा बस्न जिल्ला प्रशासन कार्यालय संखुवासभाले आग्रह गरेको छ । उद्धारका लागि सुरक्षा संयन्त्रलाई तयारी अवस्थामा राखिएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ ।

बाढीले कम्तीमा रु तीन करोड बढीको क्षति पारेको अनुमान गरिएको जनाइएको छ । क्षतिको तथ्याङ्क भने गाउँस्तरमा संकलन भइरहेको छ । त्यस्तै चिचिला, मकालु र भोटखोला गाउँपालिका जोड्ने कोशी राजमार्गअन्तर्गत मुढे-नुम र ठूलोढुङ्गा-अरुणथान सडकखण्डमा भएको अवरुद्ध हटाउने प्रयास भइरहेको प्रहरीको भनाइ छ ।

# क्याम्पस प्रमुख कुशवाहाको गोली हानी हत्या



झापा(प्रस) । बाराको मोहन विक्रम रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको गोली हानी हत्या भएको छ ।

आदर्श कोतवाल गाउँपालिकास्थित खजुरियाका कुशवाहाको शुक्रबार साँझ अज्ञात समूहले गोली हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । हत्यामा संलग्नको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । आदर्श कोतवाल गाउँपालिका-२ खजुरियाबाट सदरमुकाम कलैयातर्फ जाँदै गरेका कुशवाहामाथि वडा नं. ३ स्थित भतिनिया क्षेत्रमा अज्ञात समूहले गोली प्रहार गरेको थियो ।

गोली लागेर घाइते भएका कुशवाहालाई उपचारका लागि न्यूरो अस्पताल लगिएकोमा अस्पतालले मृत घोषणा गरेको हो । आदर्श कोतवाल गाउँपालिका-३ बतरा टोलमा साँझ ६ बजे मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले गोली प्रहार गर्दा कुशवाहा गम्भीर घाइते भएका थिए। उनको कोखामा गोली लागेको थियो।

मोटरसाइकलमा सवार कुशवाहालाई मोटरसाइकलमै आएका व्यक्तिले गोली प्रहार गरी फरार भएको बुझिएको छ। बाराका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले प्रारम्भिक अनुसन्धानका क्रममा मोटरसाइकलमा आएका व्यक्तिले गोली प्रहार गरेको भन्ने जानकारी प्राप्त भएको बताए।

# कृषकलाई पचास प्रतिशत अनुदानमा कृषि उपकरण



कुमरखोद(प्रस)। झापा गाउँपालिकाले आफ्ना पालिकाभित्र रहेका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि उपकरणहरु वितरण गरेको छ ।


झापा गाउँपालिकाको आर्थिक वर्ष २०८०-८१ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत शुक्रवार एक कार्यक्रमकाबीच कृषकहरुलाई पानी तान्ने मोटर र औषधी छर्नका लागि स्प्रेटेंकी वितरण गरिएको हो । झापा गाउँपालिकाको कृषि शाखाले कृषकलाई ३ हजार ५० रुपैयाँ पर्ने स्प्रेटेंकी १ हजार ५ सय २५ रुपैयाँमा र १६ हजार रुपैयाँ पर्ने पानी तान्ने मोटर ८ हजार रुपैयाँमा उपलब्ध गराएको हो । साझेदारी कार्यक्रमअन्तर्गत कृषकलाई ५० प्रतिशत अनुदानमा २५० थान स्प्रेटेंकी र १६६ थान पानी तान्ने मोटर वितरण गरेको हो ।

झापा गाउँपालिकाले कृषकलाई सिंचाई मोटरमा ६० प्रतिशत बिजुली महशुल तिर्दै आएकोले यहाँका अधिकाँश कृषकहरु मकै खेतीतर्फ आकर्षित भएका छन् । झापा गाउँपालिकाका कृषि शाखा प्रमुख जगतनारायण मण्डलका अनुसार यस पालिकामा कृषकहरुले ७ हजार ५ सय हेक्टर क्षेत्रफलमा मकै खेती गरेका छन् । अधिकाँश कृषकहरुले मकै खेती गर्न थालेपछि झापा गाउँपालिकाले २०७५ सालमा पालिकाको निर्णयबाट मकैजोन घोषणा गरेको पालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताईन् । पालिकालाई मकैजोन घोषणा गरेपछि यहाँका कृषकहरुलाई प्रधानमन्त्री कृषि परियोजनाअन्तर्गत कृषि ज्ञान केन्द्रबाट विभिन्न सुविधाहरु उपलब्ध गराइरहेको कावा अध्यक्ष थपलियाले बताईन् ।

कार्यक्रममा कावा अध्यक्ष थपलिया, वडाअध्यक्षहरु राजकुमार यादव, हिमालकुमार चम्लागाई, सुभासलाल गणेश, कृष्णप्रसाद राजवंशी, नविनकिशोर थापा, सखिचन्द्र ठाकुरलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन कृषि शाखा प्रमुख जगतनारायण मण्डलले गरेका थिए भने स्वागत मन्तव्य वडाध्यक्ष सखिचन्द्र ठाकुरले गरेका थिए ।

# समाजसेवी एवं राजनीतिकर्मी प्रसाईको निधन

बिर्तामोड(प्रस) । बिर्तामोडका समाजसेवी एवं राजनीतिकर्मी मोहनकुमार प्रसाईको निधन भएको छ ।



बिर्तामोड १० विराटपोखर स्थायी ठेगाना भएका प्रसाईको बिहीवार साँझ ७.३५ बजे ८० वर्षको उमेरमा काठमाडौंमा निधन भएको हो । प्रसाई परिवार विगत १० वर्षदेखि काठमाडौंको हात्तीवनमा बस्दै आएका छन् । प्रसाई महेन्द्र रत्न माध्यमिक विद्यालयका पूर्व शिक्षक तथा विद्यालय व्यवस्थापन व्यवस्थापन समितिका पूर्व अध्यक्ष हुन् । उनी पञ्चायती व्यवस्थामा अनारमनी गाउँ पञ्चायतको प्रधानपञ्च भएका थिए भने बहुदल आएपछि भएको निर्वाचनमा उनले अनारमनी गाउँ विकास समितिको अध्यक्षमा उम्मेदवारी दिएका थिए । त्यस्तै साझा संस्थाको अध्यक्ष भएर चलाएका थिए ।

प्रसाईको पार्थिव शरीरलाई शुक्रवार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ । उनका श्रीमती तिलरुपा, छोरीहरु विनिता, सुनिता, मेनुका, दिर्घकुमारी, सीता तथा छोराहरु नवीन र रमेश प्रसाई रहेका छन् ।

# मकै खेतीबारे बुझ्न नेपाली किसान विहारमा

झापा(प्रस) । मकै खेतीको अध्ययन र बजारीकरणका बारेमा बुझ्न नेपाल



उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका सभापति डीबी बस्नेतको नेतृत्वमा किसानको एक समूह शुक्रबार भारत विहारको गुलाब्बाग पुगेको छ ।

विहारको गुलाब्बाग मकैको ठुलो मण्डी हो । दुई दिनका लागि गएको टोलीले त्यहाँ मकै किसान र व्यवसायीसँग मकै खेतीको प्रविधिका बारेमा जानकारी लिँदै त्यहाँको कृषि विश्वविद्यालयका प्रतिनिधिहरुसँग पनि अन्तरक्रिया गर्ने बताइएको छ ।टोलीलाई शुक्रबार विराटनगरबाट बिदाइ गर्दै नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले केही वर्षयता विहारमा कृषिले ठूलो फड्को मारेको र त्यसको सिको नेपालका कृषक र व्यवसायीहरुले पनि गर्नु पर्ने बताए । छिमेकी देशमा भइरहेको विकासको नमूनालाई हामीले उदाहरणका रुपमा लिएर अगाडी बढ्नु पर्ने र भ्रमणका क्रममा मकैको उत्पादन, यसको खेतीमा संलग्न व्यवसायीहरुसँगको अन्तरक्रियाबाट निस्केका राय सुझावलाई मकैको व्यवसायिक खेतीमा प्रयोग गर्नु सक्नुपर्ने राउतको भनाई थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अविनाश बोहराले कृषिलाई आत्मनिर्भर बनाउन भारतको केन्द्रीय र राज्य सरकारले धेरै सुविधा दिँदा किसान खेतीमा सफल हुँदै आएको उल्लेख गर्दै नेपालमा पनि कृषिमा त्यस्तै सुविधा दिएर सरकारले कृषिको विकास गर्नुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्रका सभापति डीबी बस्नेतले कृषि उद्यम केन्द्रले सिमिट नेपालको सहयोगमा पश्चिम नेपालको कपिलवस्तु, दाङ बाँके, बर्दिया, कैलाली र कंचनपुरमा मकैको व्यवसायिक खेतीको सुरुवात गरेको र त्यसमा ती जिल्लाका कृषक, सहकारी र व्यवसायीहरुको सहभागिता रहेको जानकारी दिए ।




# पाँच वर्षमा ५५ अर्ब ७० करोड आयको अनुमान

झापा(प्रस) । आगामी पाँच वर्षपछि अर्थात् आर्थिक वर्ष २०८५-८६ मा प्रदेशको कूल आय (बजेट) ५५ अर्ब ६७ करोड ४४ लाख पुग्ने कोशी प्रदेश योजना आयोगले गठन गरेको दोस्रो आवधिक योजना मस्यौदा समितिले पेश गरेको मस्यौदामा उल्लेख छ ।

चालू आर्थिक वर्षमा भने प्रदेशको कूल आय तथा कूल स्रोत रकम अर्थात् बजेट ३६ अर्ब ७४ करोड ३५ लाख रहेको छ । मस्यौदा समितिले आगामी आर्थिक वर्ष २०८१-८२ का लागि कूल आय ३९ अर्ब २५ करोड हुने अनुमान गरेको छ । तर, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले भने चालू आर्थिक वर्षको भन्दा कम आय हुने अनुमान गर्दै बजेट निर्माण गरिरहेको छ । मन्त्रालय स्रोतले दिएको जानकारी अनुसार आगामी आर्थिक वर्षको बजेट भने साढे ३४ अर्बदेखि ३५ अर्बको बीचमा आउने अनुमान छ ।

योजना आयोगले तयार पारेको दोस्रो आवधिक योजनाको मस्यौदामा भने अहिलेको भन्दा संघबाट प्राप्त हुने अनुदान ३५.९, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम २९.२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । यस्तै प्रदेशको आन्तरिक राजस्व आर्थिक वर्ष २०८५-८६ सम्ममा ७ अर्ब ८४ करोड ६८ लाख रुपैयाँ अर्थात् अहिलेको भन्दा ४३ प्रतिशतले बढ्ने अनुमान छ । यस्तै आवधिक योजनाको अन्तिम वर्षसम्ममा प्रदेशको पूँजीगत खर्च २९ अर्ब ८३ करोड १६ लाख पुग्ने अनुमान गरिएको छ । चालू खर्च भने १९ अर्ब ८२ करोड ७७ लाख हुने योजनाको मस्यौदामा उल्लेख छ ।

यस्तै मस्यौदामा कोशी प्रदेशको आर्थिक वृद्धिदर ७.७ प्रतिशत पुग्ने, चालू आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर ३.५१ प्रतिशत कायम रहने अनुमान गरिएको छ । यस्तै प्रतिव्यक्ति आय १ हजार ९७३ अमेरिकी डलर पुग्ने र प्रतिव्यक्ति राष्ट्रिय आय २ हजार ४८६ अमेरिकी डलर पुग्ने, गरिवी नियन्त्रण १०.०२ प्रतिशतमा झार्ने लक्ष्य छ । हाल गरिवीको प्रतिशत १७.१९ प्रतिशत कायम रहने अनुमान छ ।

साक्षरता दर ९२, बेराजगारी प्रतिशत ३.४ प्रतिशत, औसत आयु ७५.९५ वर्ष, कूल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) १२ खर्ब ९२ अर्ब ८ करोड २७ लाख पुर्‍याउने मस्यौदाको लक्ष्य छ । चालू आर्थिक वर्षमा त्यस्तो उत्पादन तथा उत्पादकत्व ९ खर्ब ३ अर्ब ५ करोड १५ लाख रहेको छ ।

कृषि क्षेत्रको वार्षिक औषत वृद्धिदर ४.७२ प्रतिशतबाट आर्थिक वर्ष २०८५-८६ मा ७.४ पुर्‍याउने लक्ष्य छ । यस्तै उद्योग क्षेत्रको वृद्धिदर भने ९ प्रतिशत र सेवा क्षेत्रको ७.४ प्रतिशत हुने अनुमान गरिएको छ । चालू आर्थिक वर्षमा उद्योग क्षेत्रको वृद्धिदर २.६ र सेवा क्षेत्रको ४.५ प्रतिशत रहेको छ । यस्तै मुद्रास्फिती ५ प्रतिशतमा कायम राख्ने लक्ष्य पनि लिइएको छ ।

यस्तै १ घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसंख्या शतप्रतिशत हुने, वैकल्पिक यातायात प्रयोग गर्नेको संख्या ७० प्रतिशत पुग्ने, शहरी पूर्वाधार र सेवामा पहुँच भएको शहरी जनसंख्या शतप्रतिशत हुने, ग्रामीण भेगमा आधारभूत सेवा सुविधा (खानेपानी, शौचालय र बिजुली)मा पहुँच शतप्रतिशत पुग्ने, उत्थानशील आवास, पुरातात्विक सम्पदा र एकीकृत वस्ती र विपद पछिको पुनःनिर्माणमा जनताको पहुँच शतप्रतिशत पुग्ने, विद्युत्मा पहुँच ९८ प्रतिशत पुग्ने, ऊर्जा उपयोगमा सौर्य तथा अन्य उर्जाको खपत परिवार संख्या ७६ हजार ५ सय हुने, कृषि योग्य जमिनमा उत्थानशील सिंचाई सेवा ६० प्रतिशत क्षेत्रमा विस्तार हुने, आधारभूत खानेपानी पुगेको जनसंख्या ९९ प्रतिशत र आधारभूत सरसफाइ शतप्रतिशतमा पुग्ने अनुमान मस्यौदामा छ । यस्तै आधारभूत स्थानीय तथा प्रादेशिक पूर्वाधारमा पहुँच शतप्रतिशत हुने, विज्ञान प्रविधिको आधारमा अत्याधुनिक प्रणाली विकास र सोको पहुँच शतप्रतिशत हुने लक्ष्य लिइएको छ । प्रदेशको कूल गार्हस्थ उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान ३ प्रतिशत पुग्ने लक्ष्य मस्यौदामा उल्लेख छ ।

'प्रदेश सरकारले दीर्घकालीन सोचका साथ प्राथमिकता प्राप्त आयोजनाहरूमा स्रोतको सुनिश्चितता गरी सार्वजनिक खर्चलाई पारदर्शी बनाउन सके दिगो आर्थिक विकास गरी प्रदेशलाई आत्मनिर्भर बनाउन सक्ने अवसर र सम्भावना रहेको छ,' मस्यौदामा भनिएको छ । 'दोस्रो आवधिक योजनाको अन्त्यसम्ममा लघु, घरेलु तथा साना उद्योगहरुको संख्या १ लाख ५० हजार र यस क्षेत्रमा कार्यरत जनशक्तिको संख्या ३ लाख पुगेको हुनेछ । प्रदेशमा मध्यम तथा ठूला उद्योगको संख्या १५०० र यस क्षेत्रमा कार्यरत जनशक्तिको संख्या २ लाख पुगेको हुनेछ,' मस्यौदामा भनिएको छ, 'प्रदेशमा वैदेशिक लगानी भएका उद्योगको संख्या १७२ र यस क्षेत्रमा कार्यरत जनशक्तिको संख्या २२ हजार ५०० पुगेको हुनेछ ।'

यस्तै औद्यगिक क्षेत्र, औध्योगिक ग्राम, औद्योगिक क्लष्टर, कोरिडोर तथ औद्योगिक ग्रामसमेतको संख्या ३५ पुग्ने साथै यस्ता क्षेत्रमा स्थापना भएका उद्योगको संख्यामा समेत २५ प्रतिशतले वृद्धि हुने र प्रदेशको आन्तरिक उत्पादनमा यस क्षेत्रले ९.६६ प्रतिशत र निर्यात प्रवर्द्धनमा २० प्रतिशत साथै कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान २२.५० प्रतिशत पुग्ने दाबी गरिएको छ । यस्तै प्रदेश गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ६ प्रतिशत पुग्ने र यस क्षेत्रको रोजगारी ७० हजार पुग्ने अनुमान गरिएको छ ।

कोशी प्रदेशको प्रथम आवधिक योजनाका अधिकांश लक्ष्यहरु भने पुरा भएको छैन । योजना आयोगले गरेको योजना समीक्षा प्रतिवेदनमा आर्थिक क्षेत्रतर्फ ६ लक्ष्य, सामाजिक क्षेत्रका १० लक्ष्य, भौतिक क्षेत्रका ४ लक्ष्य र शासकीय सुधारतर्फका ३ लक्ष्य पहिचान गरेको योजनाको प्रभावकारिता मापनका लागि निर्धारण गरिएका परिमाणात्मक लक्ष्यहरूको बनौट सन्तुलित नपाइएको र उपलब्धिहरू मापन गर्न सकिने गरी वार्षिक समीक्षा तथा विश्लेषण गरेको पनि नदेखिएको उल्लेख छ ।

यद्यपि मस्यौदामा दिगो आर्थिक बृद्धि एवम् विकास गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, विकासको प्रतिफल तल्लो तहसम्म पुर्‍याउन, यथोचित साधन स्रोतको व्यवस्था गर्ने, दक्ष मानव संसाधनको विकास गर्ने तथा रोजगारी अभिवृद्धि गर्ने, स्वरोजगारीको अवसर सृजना गर्न, उत्पादकत्व तथा उत्पादनमा अभिबृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउने काम चुनौतिपूर्ण रहेको उल्लेख छ ।

यस्तै सरकारको स्थायित्व तथा निरन्तरता नहुने, प्रदेश विकासमा बाह्य लगानी आकर्षित नभएको, युवा जनशक्ति पलायन बढिरहेको र पहाडी क्षेत्रबाट अन्यत्र बसाई सर्ने क्रम बढिरहनु चुनौतिपूर्ण रहेको जनाएको छ । मस्यौदा माथि प्रदेश विकास परिषदले छलफल टुंग्याएको छ । परिषदमा भएको छलफल पछि योजना आयोगले अन्तिम रूप दिएपछि सरकारलाई उक्त आवधिक योजना हस्तान्तरण गर्ने तयारी छ । सरकारले उक्त योजना पारित गरेपछि आगामी आर्थिक वर्षको सुरुवातदेखि नै लागू गर्ने तयारी छ ।

मस्यौदामा उक्त लक्ष्यहरु पुरा गर्न प्रदेश र स्थानीय तहबीच एकीकृत कर प्रणालीको विकास गर्ने, करको दायराभन्दा बाहिर रहेकालाई करको दायरा भित्र ल्याउने, कृषिमा आय कर लगाउने सम्बन्धमा अध्ययन गराउने, करका क्षेत्रहरू पहिचान गर्ने, करको दरमा पुनरावलोकन गरी करको दायरा बढाउने, कर प्रशासनलाई सूचना प्रविधि मैत्री बनाउने, प्रदेशले प्रदान गर्ने सेवाहरूको वृद्धि गरी सेवा शुल्कको दायरा बढाउने, विज्ञापन शुल्क, पर्यटन शुल्कसम्बन्धी प्रादेशिक कानून कार्यविधि तर्जुमा गर्ने, जग्गा मूल्याङ्कन वैज्ञानिक र यथार्थपरक बनाउने र प्राकृतिक स्रोत (जस्तै वन, खनिजजन्य पदार्थको संरक्षण र परिचालन)बाट राजश्व वृद्धि गर्ने रणनीति बनाएको छ ।

दोस्रो आवधिक योजना निर्माणका लागि डाक्टर भेषप्रसाद धमालाको संयोजकत्वमा प्राध्यापक डाक्टर प्रमोदकुमार झा, प्राध्यापक हिरण्यप्रसाद गौतम, केशवप्रसाद गड्तौला र सहायक प्राध्यापक डिल्लीराम प्रसाई सदस्य रहेको समिति गठन भएको थियो ।

# विश्व पदयात्री रोहनलाई स्वागत सम्मान

झापा(प्रस) । पर्यावरण संरक्षणको सन्देश प्रवाह गर्दै विश्व पैदलयात्रामा निस्किएका रोहन अग्रवालले नेपालका ७३ वटा जिल्लाको भ्रमण पूरा गरेका छन् ।



भारतको महाराष्ट्रस्थित नागपूराका २२ वर्षीय रोहनले पर्यावरण संरक्षणका लागि सचेतना जगाउँदै भारत र बंगलादेशको पैदलयात्रा सम्पन्न गरी नेपाल आएका हुन् । पश्चिम नेपालबाट पैदलयात्रा शुरु गरेका रोहनले नेपालका ७३ वटा जिल्लाको भ्रमण पूरा गरी झापा आइपुगेका हुन् । अर्थ डे अर्गनाइजेशन दक्षिण भारतका महासचिवसमेत रहेका उनी झापा आइपुगेसंगै बिर्तामोड उद्योग वाणिज्य संघले स्वागत सम्मान गरेको छ । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, पूर्व अध्यक्ष बलराम कार्कीलगायत संघका पदाधिकारीले अग्रवाललाई संघको कार्यालयमा स्वागत सम्मान गरेका हुन् ।

जलवायु परिवर्तनको असरका विषयमा जनचेतना फैलाउँदै नेपालका सबै जिल्ला पैदलयात्राबाटै पूरा गर्ने लक्ष्यसहित विश्व भ्रमणमा निस्किएका उनलाई सम्मानस्वरुप १० हजार रुपैयाँसमेत प्रदान गरिएको छ । नगद प्रदान गर्दै संघका अध्यक्ष न्यौपानेले अग्रवालको विश्व पदयात्रा सफलताको शुभकामना दिएका छन् ।

२५ अगष्ट २०२० मा भारतको बनारसबाट विश्व भ्रमणको पदयात्रामा निस्किएका रोहनले हालसम्म २२ हजार किलोमिटर हिडेर पार गरेका छन् । नेपालको पदयात्रा समापनसंगै कम्वोडिया, म्यानमार, मंगोलिया हुँदै रुस जाने उनले बताएका छन् । विश्वकै सबैभन्दा चियो ठाउँ मध्येको रुसको साइवेरियास्थित ओम्याकोन समेत हिडेरै पुग्ने उनको लक्ष्य छ । जहाँको औसत तापक्रम माइनस ५५ डिग्री सेल्सियस रहेको छ । ओम्याकोनको अहिलेको तापक्रम माइनस ७२ डिग्री सेल्सियस रहेको बताइएको छ । ओम्याकोन भ्रमण सम्पन्न गरेसंगै सार्ककै पहिलो पदयात्रीका रुपमा आफूलाई स्थापित गर्ने लक्ष्य रहेको उनले बताए ।

विश्व पदयात्रामा निस्किएका रोहनले देशलाई प्लाष्टिकमुक्त बनाउन समेत सन्देश प्रवाह गर्दै आएका छन् । १८ वर्षको उमेरबाट उनी विश्व पदयात्रामा निस्किएका थिए ।

# खो खोको उपाधि त्रिभुवन आर्मीलाई



झापा(प्रस) । सुनसरीको भोक्राहा नरसिंहमा सम्पन्न भएको उपाध्यक्ष प्रथम महिला खो खो प्रतियोगिताको उपाधि विभागीय टिम त्रिभुवन आर्मी क्लवले हात पारेको छ । फाइनल खेलमा सुनसरी खो खो टिमलाई १२ अङ्कविरुद्ध २६ अङ्कले पराजित गर्दै आर्मीले उपाधि चुमेको हो ।

देशभरका सात महिला खो खो टिमको सहभागितामा सम्पन्न भएको लोपोन्मुख खो खो खेलमा उपाधि चुमेको त्रिभुवन आर्मी क्लबले नगद २५ हजार रुपैयाँ, शिल्ड र प्रमाणपत्र प्राप्त गरेको छ ।

त्यसैगरी, पराजित हुँदै उपविजेता बनेको सुनसरीले नगद १५ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गरेको छ । साथै प्रतियोगितामा धनुषा जिल्ला तेस्रो स्थानमा चित बुझाउँदै ११ हजार नगद र प्रमाणपत्र प्राप्त गरेको आयोजक संस्था खो खो संघ कोशीका कपिलदेव यादवले जानकारी दिए । खेलका विजेता, उपविजेता र तेस्रो पुरस्कार पाउनेहरुलाई भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर आजाद र उपाध्यक्ष सुनिताकुमारी उराँव, वडा अध्यक्ष बौवालाल यादव लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । प्रतियोगितामा बारा, धनकुटा, धनुषा, सुनसरी, मोरङ, सर्लाही र आर्मीसहित टिमले सहभागिता जनाएका थिए ।

# वडा कार्यालय आउने सबैले फूल गोड्नैपर्ने

माइधार(प्रस) । शिवसताक्षी नगरपालिका वडा नं १० को वडा कार्यालयमा एउटा अनौठो नियम छ । जुन नियम देशका अरु ७५३ स्थानीय तहका वडामा सायदै होला । वडाका जनप्रतिनिधि र कर्मचारीले बनाएको यो नियम यतिबेला स्थानीय स्तरमा निकै चर्चामा छ । जनप्रतिनिधि र कर्मचारीले बनाएको यो नियमको यतिबेला सामाजिक संचालमा चौतर्फी प्रशंसा हुन थालेको छ । कार्यालय पुग्नेबित्तिकै उनीहरूले कम्तीमा ७ मिनेट कार्यालय परिसरका बोटबिरुवा र फुल गोड्नु पर्ने नियम छ । 'कुनै कारणले फूल गोड्न नसक्नु अर्कै कुरा हो । होइन भने वडाका जनप्रतिनिधि र कर्मचारीलाई यो नियम अनिवार्य छ,' वडा अध्यक्ष हकबहादुर सिगुले भने ।

'विहान कार्यालय आएपछि वडा कार्यालय परिसरका बोटबिरुवा गोड्नु पर्छ । आवश्यकता भए पानी लगाउनुपर्छ । फूलका बिरुवा उमार्ने डयाङ बनाउनु पर्छ । वडामा भएका औजारको सहायतामा हामी सबैको बिहान ७ मिनेटको काम एउटै हुन्छ,' वडा अध्यक्ष सिगुले भने । उनले कर्मचारी र जनप्रतिनिधिको सम्बन्ध पनि यो नियमले प्रगाढ बनाएको बताए । सबैलाई पदमा होचो उँचो भएको अनुभूति हुँदो रहेनछ । बिहीवार वडा कार्यालयमा ९:३० बजे प्रतिदिन दैनिकको टोली पुग्दा कर्मचारी तेजप्रसाद सुवेदी फूलको बिरुवा गोडिरहेका थिए । करिब दुई महिनादेखि बनाइएको यो नियमले वडा कार्यालय परिसरका बोटबिरुवा निकै मौलाएका रहेछन् ।

वडा अध्यक्ष हर्कबहादुर सिगु ९: ४३ मा कार्यालय आए । कार्यालय आउँदा उनले वडाबासीका घरबाट फूलको दल (बीउ) पनि लिएर आएका थिए । आफू सवार भएर आएको मोटरसाइकल पार्किङ गर्नेबित्तिकै कुटो निकालेर बिरुवा गोड्नतिर उनी लागे । करिब १२ मिनेटजति फूलका बिरुवा गोडेर दल राख्ने ठाउँ सम्याए । वडा कर्मचारी सुवेदीलाई उनले भने, 'तेजप्रसादजी, गाउँबाट सयपत्री फूलको दल लिएर आएको छु । यसलाई कुनै पनि हालतमा उमार्नुपर्छ है ।' उनले सयपत्रीको दलबाट उम्रिएको बिरुवाले फूल दिएपछि दशै तिहारमा वडाबासीले पनि उपभोग गर्न सक्ने बताए ।

१० बजेर २ मिनेटमा वडा सदस्य दीपक पोखरेल पनि वडा कार्यालय आए । उनले पनि कर्मचारी र वडा अध्यक्षजस्तै फलफुलका बोटबिरुवा सुमसुम्याउन थाले । उनले भने,' वडा कार्यालयमा मालीको काम हामी आफैं गर्छौं । यो कामका लागि सरकारले पैसा खर्च गर्नु पर्दैन ।' जनताले मत दिएर पठाएका जनताकै कामका लागि भएको उनले बताए । 'यो काम पनि हामीले जनताकै लागि गरेका हौं ।' उनले अगाडि भने ।

कर्मचारी र जनप्रतिनिधिसँगै कतिपय सेवाग्राही वडा कार्यालयका फुलबुट्टाहरू सुमसुम्याउन आउने गरेका छन् । स्थानीय श्याम श्रेष्ठले भने, 'अब केही समयपछि वडा कार्यालय फूलैफूलको बगैचा हुने छ ।' आहा कति राम्रो फूलका बोट । कति जाँगरिला प्रतिनिधि र कर्मचारी भनेर स्थानीय वडाबासीले प्रतिक्रिया दिँदा आफूलाई आनन्द आउने वडा अध्यक्ष सिगुले बताए ।

वडा परिसरमा धुपी, घडी , पारिजात, सयपत्री, पाल्पाली , बारमासे , बाबरीलगायतका फूलका बिरुवा लगाइएको छ । यी सबै बिरुवा जनप्रतिनिधि र कर्मचारीले वडाका स्थानीयवासीसँग मागेर ल्याएका हुन् । वडाबासीसंग मागेर ल्याएको फूलका बिरुवा आफै रोपेको वडा सदस्य दिपक पोखेलले बताए ।

वडा कार्यालय परिसरमा एक बिघा पाँच कठ्ठा जग्गा छ । यो जग्गा क्षेत्रलाई फलफूल तथा बगैँचाका रूपमा स्थापित गर्ने वडा अध्यक्ष सिगुले बताए । 'हामी विभिन्न जातका फलफुलका बोटबिरुवा यो जग्गा परिसरमा लगाउँछौ । जसले वडा कार्यालय परिसरको सौन्दर्यता बढाउनुका साथै व्यावसायिक रूपमा फूलको उत्पादन गर्न सकिने उनले बताए । कतिपय फूलमा औषधीय गुण पनि हुने हुँदा वडा कार्यालय परिसरमा फलफूलका बिरुवा रोपिएको वडा कार्यालयले जनाएको छ ।

# उर्जामन्त्रीसमेत रहेका प्रदेश सांसद देवकोटा पदमुक्त

झापा(प्रस)। माओवादी केन्द्रको चुनाव चिन्हबाट विजयी भएका नेपाल समाजवादी पार्टी (नेसपा)का सांसद फणिन्द्र देवकोटा पदमुक्त भएका छन्।

गण्डकी प्रदेशसभाका सभामुख कृष्ण धितालले शुक्रबारको बैठकमा सांसद देवकोटा पदमुक्त भएको सूचना दिएका थिए। कांग्रेस नेता एवं मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकारलाई सांसद देवकोटाले विश्वासको मत दिएका थिए। उनको मतकै कारण पाण्डेको सरकार जोगिएको थियो। मुख्यमन्त्री पाण्डेले देवकोटालाई उर्जा मन्त्रालयको जिम्मेवारी दिएको थियो। माओवादी केन्द्रले भने फ्लोर क्रस गरेको भन्दै कारबाही गर्ने बताएको थियो।

प्रधानमन्त्री पुष्पकमल दाहालले पनि भारत भ्रमणबाट फर्किएलगत्तै संविधान विपरीत कार्य गर्ने देवकोटालाई कारबाही गर्ने बताएका थिए। माओवादीले देवकोटालाई कारबाही गरेको पत्र प्रदेशसभा सचिवालयलाई बुझाएको थियो। गत प्रदेश निर्वाचनमा देवकोटा गोरखा २(क)बाट विजयी भएका थिए।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ०२३०००४१५५ | इन्द्रकुमारी मगर | मेचीनगर-३ ,झापा |

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# तीव्र दौडने गरौं

नियमित दौड स्वस्थ जीवनका लागि महत्वपूर्ण छ भन्ने सबैलाई थाहा भएकै कुरा हो। तर, अति व्यायामले स्वास्थ्यमा नकारात्मक असर गर्न सक्छ भन्ने तथ्य यसअघिका अध्ययनले देखाएका थिए। ब्रिटिस जर्नल अफ स्पोर्टस् मेडिसिनमा प्रकाशित नयाँ अध्ययनले तीव्रगतिमा दौडनेहरूको आयु आमसर्वसाधारणको दाँजोमा लामो हुने देखाएको छ। अनुसन्धानकर्ताले चार मिनेटभन्दा कम समयमा एक माइल कुद्न सक्ने क्षमता भएका धावकबारे अध्ययन गरेका थिए। जसमा उनीहरूको आयु आमजनसंख्याको दाँजोमा पाँच वर्ष लामो हुन सक्ने देखियो।

स्पोर्टस् कार्डियोलोजिस्ट तथा हर्ट, एक्सरसाइज एन्ड रिसर्च ट्रायल्सका प्रमुख आ[illegible] ला गार्ची र उनको टिमले चार मिनेटभन्दा कम समयमा एक माइल दौडन सक्ने दुई सय पुरुष धावकहरूको डाटा अध्ययन गरेको थियो। सन् १९२८ देखि १९५५ सम्मको अवधिमा जन्मिएका २ सय धावकबारे अनुसन्धान गरिएको हो। जसमध्ये ६० जना अर्थात् ३० प्रतिशतको निधन भइसकेको छ। एक सय ४० जना अहिले पनि जीवित छन्।

जतिवेला उनीहरू चार मिनेटभन्दा कम समयमा दौडन्थे, त्यतिवेला उनीहरूको औसत उमेर २३ वर्ष थियो। अनुसन्धानकर्ताहरूका अनुसार यस समूहमा सहभागी भएकाहरूको औसत आयु ७३ वर्ष हो। जो, बाँचेका छन्, उनीहरूको औसत आयु ७७ छ।

ती धावक विभिन्न महादेशका २८ देशबाट हुन्। 'हाम्रो अनुसन्धान कसरी अभ्यासले राम्रा धावकहरूलाई दीर्घकालीन रूपमा प्रभावित गरेको हुन्छ भन्नेमा रह्यो,' ला गिर्चीले भने।

प्रायः अवस्थामा जो चार मिनेटभन्दा कम समयमा एक माइल दौडने क्षमता राख्थे, उनीहरूको आयु अपेक्षित औसत आयुभन्दा पाँच वर्ष बढी रहेको पाइयो। ती मानिस जो, १९५० को दशकमा चार मिनेटभन्दा कम समयमै एक माइल दौडन सक्थे, उनीहरू आमजनसंख्याको दाँजोमा नौ वर्ष बढी बाँचेका छन्। १९६० को दशकमा चार मिनेटभन्दा कम समयमै एक माइल दौडिएका तुलनात्मक रूपमा पाँच वर्ष ६ महिनाभन्दा बढी बाँचेका छन्। १९७० को दशकमा यसरी दौडिएका तीन वर्षभन्दा बढी बाँचेका छन्।

ला गिर्चीका अनुसार साइकल चलाउनेहरू पनि बढी बाँचेको देखिन्छ। टुर दी फ्रान्सजस्ता प्रतिस्पर्धामा सहभागी हुने साइक्लिस्टहरूको औसत उमेर पनि आमजनसंख्याको दाँजोमा धेरै छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सभ्य राजनीतिक अभ्यास



• डा. देवराज अर्याल

नेपालको वर्तमान राजनीति लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप व्यवहारमा मिलेको देखिँदैन। लोकतन्त्र भनेको निर्वाचन हो, अङ्कको हिसाब हो, अल्पमत र बहुमतको अभ्यास हो तर त्यति मात्र लोकतन्त्रको पूर्णता भने होइन। लोकतन्त्रमा जिम्मेवारी, जवाफदेहिता र दायित्वका सवाल पनि सँगसँगै जोडिएर आउँछन्। साथै विश्वका सबै देश भूमण्डलीकरणको प्रक्रियामा जोडिएका छन्। विश्वव्यापी रूपमा उठेका सवाल र चासोसँग बेवास्ता, अप्रभावित र निरपेक्ष भएर रहन पनि सकिँदैन।

विश्वव्यापी विकासका लागि पहल, विश्वव्यापी सुरक्षा र विश्वव्यापी सभ्यताका लागि साझा प्रयासबारे आज विश्व रङ्गमञ्चमा बहस भइरहेको छ। आधुनिक विश्वमा सभ्यतालाई मानव समाजको उन्नत अवस्थाको परिदृश्यको रूपमा चित्रण गर्ने गरिएको छ। उन्नत स्तरको अवस्थामा कुनै पनि पक्ष छुटेको हुँदैन। संस्कृति, विज्ञान, उद्योग, सरकार, राजनीति, प्रविधि, सहरीकरण, विकास र समृद्धि सबै क्षेत्रमा उन्नत स्तरको परिदृश्य सभ्यताको प्रतिविम्ब हो। विश्वभरि नै यस्तो मान्यता विकास भइरहेका बेला नेपालमा पनि सभ्य राजनीतिको अपेक्षा हुनु स्वाभाविक हो। त्यसमा पनि लोकतान्त्रिक गणतन्त्र स्थापना भई दुई वटा आमनिर्वाचन सम्पन्न भएर जनअपेक्षा अनुसारको राजनीतिक प्रणाली स्थापित भएको वर्तमान क्षणमा सभ्य राजनीतिक संस्कृति विकास गर्नु प्रमुख राजनीतिक दलहरूको दायित्व पनि हो।

विश्वव्यापीकरणले सम्पूर्ण समाजलाई एकीकृत बनाएको र हाम्रो देश नेपाल पनि लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको विद्यमान परिवेशमा राजनीतिलाई नियाल्दा आमनेपाली जनता सन्तुष्ट हुन सक्ने आधार देखिँदैन। वर्तमान राजनीतिक गतिविधिप्रति सामाजिक सञ्जाल, मिडिया, चियापसल, चोक, चौतारामा आएका टिप्पणी र प्रतिक्रिया अध्ययन गर्दा जनता सन्तुष्ट छैनन् भन्ने सहजै महसुस गर्न सकिन्छ। यस्तो अवस्था आउनु भनेको विद्यमान राजनीतिक गतिविधिप्रति जनता सन्तुष्ट छैनन् भने तथ्यको सामाजिक प्रतिविम्ब हो। यसलाई सम्बन्धित राजनीतिक दल र सरकार एवं प्रशासनिक निकायका अधिकारीले सकारात्मक र गम्भीरताका साथ आत्मसात् गर्नु पर्छ।

नेपालका लागि लोकतान्त्रिक गणतन्त्र आमअपेक्षाको राजनीतिक व्यवस्था हो। २००७ सालमा भएको जनक्रान्तिदेखि नै संविधान सभाको निर्वाचनमार्फत गणतन्त्रसम्म पुग्ने एजेन्डा तय भएको थियो। त्यतिबेलाका प्रमुख तीन वटा शक्ति राणा, राजा र कांग्रेसबिच जनताको चाहनाबमोजिम संविधान सभाको निर्वाचन गर्ने विषयमा सम्झौता भएको थियो तर पछि संस्थापन पक्षको जालझेल र अस्थिर राजनीतिका कारण संविधान सभाको निर्वाचन हुन सकेन।

२००७ सालको परिवर्तनपश्चात् नागरिकका अधिकार सुनिश्चित भए भनियो तर अभ्यासमा जनता सार्वभौम हुन पाउने अवस्था सिर्जना भएन। राणाहरूमा निहित रहेको राजनीतिक अधिकार राजाहरूमा स्थानान्तरण हुने काम मात्र भयो, जसले गर्दा प्रजातान्त्रिक व्यवस्था स्थापना भएको १० वर्षकै अवधिमा हत्या हुन पुग्यो। त्यसपछि प्रजातान्त्रिक व्यवस्था फिर्ता गर्नका लागि ३० वर्ष कुर्नु पर्ने अवस्था आयो, त्यो पनि निकै ठुलो आन्दोलन, जनताको त्याग, उत्सर्ग र बलिदानपछि।

२०४६ सालको परिवर्तनपश्चात् जनताको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा महत्वपूर्ण आधार निर्माण भएको हो। २०४६ सालपछि विशेषतः राजनीतिक दल स्थापना गर्न र सञ्चालन गर्न पाउने स्वतन्त्रतादेखि लिएर विचार र अभिव्यक्तिको स्वतन्त्रता, मानव अधिकार, प्रेस स्वतन्त्रता, निर्वाचन प्रणाली जस्ता अधिकारको ग्यारेन्टी गर्ने काम संवैधानिक रूपमा नै व्यवस्था गरियो तर प्रजातन्त्रको पुनर्बहाली भएपछिका दिनमा राजनीति दलबिच मौलाउँदै गएको आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न नसक्दा अस्वस्थ ढङ्गले सरकार फेरबदलका दाउपेच भए। राजनीतिक दलले आफूलाई बलियो शक्तिका रूपमा कायम राख्न सकेनन्। परिणामतः जननिर्वाचित प्रतिनिधि सभा विघटनसम्मका दुर्घटनाहरू हुन पुगे। यसैबिच देशमा सशस्त्र द्वन्द्वसमेत हुन पुग्यो। प्रजातन्त्रको पुनर्बहालीपश्चात् भएका अनपेक्षित घटनाको कारणले गर्दा २०६३ सालमा आइपुग्दा दोस्रो जनआन्दोलन गर्नुपर्ने बाध्यता भयो। यही आन्दोलनले स्थापित गरेको राजनीतिक व्यवस्था अनुरूप देश अगाडि बढेको छ। यति बेला सबै क्षेत्रमा सबै नागरिकले स्वतन्त्रता र अधिकारको उपभोग गर्न पाउने आधार सुनिश्चित भएको छ। संविधान र कानुनले नै सुनिश्चित गरेका अधिकार हठात् बन्धकमा पर्ने भन्ने सवाल नै आउँदैन। तथापि, नागरिकका स्थापित अधिकारलाई कार्यान्वयन गर्दै लैजाने दायित्व राज्य, सरकार र संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलको हो।

नेपालको संविधान २०७२ मा मौलिक हक अन्तर्गत नागरिकका सबै जसो अधिकारलाई सुनिश्चित गरिएका छन् तर संविधानमा ग्यारेन्टी गरिएका उल्लिखित अधिकारलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कानुन तर्जुमा हुन सकेको छैन। आवश्यक कानुनको मसौदा गर्ने र त्यसलाई सरोकारवालाबिच व्यापक छलफल गराई तर्जुमा गर्ने दायित्व विधायिका अथवा प्रतिनिधि सभाको हो। यति बेला प्रमुख राजनीतिक दलका बिचमा समझदारीको वातावरण विकास हुन नसक्दा आवश्यक कानुन तर्जुमा हुने प्रक्रिया अलमलमा परेको छ। प्रतिनिधि सभा भनेको समग्रतामा आवश्यक कानुन र विधेयक तर्जुमा गर्ने सर्वोच्च थलो हो तर अहिले यो संस्था कतै सरकार गठन गर्ने र गिराउने थलो मात्रै हो कि जस्तो भान भइरहेको छ। बेलाबेला संसद् अवरोध हुन्छ। सुचारु हुँदा पनि नेताहरूबिच आरोप प्रत्यारोपको दन्त बझान हुन्छ, जसको प्रत्यक्ष असर आर्थिक, सामाजिक, शैक्षिक, श्रम, रोजगार आदि सबै क्षेत्रमा परेको छ।

आजको आवश्यकता भनेको तीव्रतर आर्थिक विकास, सुशासन, बेरोजगारी समस्याको समाधान र सामाजिक कल्याणका प्रणालीलाई संरचनात्मक रूपमा सुदृढ बनाउनु हो। वर्तमान आवश्यकता र अवस्थालाई विश्लेषण गर्दा हाम्रो आर्थिक विकासको गति नौ प्रतिशतभन्दा माथि लैजानुपर्ने छ। आर्थिक वृद्धिको पारोलाई नौ प्रतिशतभन्दा माथि पुऱ्याउन सकियो भने मात्र हाम्रो अर्थव्यवस्था सन्तुलनका विन्दुमा आउन सक्ने प्रक्षेपण गरिएको छ तर व्यवहारमा अहिले नेपालको आर्थिक वृद्धि दर दुई/तीन प्रतिशतमा सीमित भइरहेको छ। यद्यपि सबै राजनीतिक दल आर्थिक विकासको गतिलाई तीव्र बनाउने सन्दर्भमा एकजुट हुन सकिरहेका छैनन्। जब कि अहिले विश्व परिवेशमा विकास, समृद्धि, सामाजिक न्याय, सभ्यता र प्रकृतिको संरक्षणका लागि विश्वव्यापी गठबन्धन गर्नुपर्ने अवधारणा विकास भएको छ।

यसै गरी नेपालमा सुशासनको विषय पनि दयनीय अवस्थामा रहेको छ। सामाजिक कल्याणको सवालमा विश्लेषण गर्ने हो भने ज्येष्ठ नागरिक भत्ताबाहेक अन्य पक्षमा आशालाग्दा काम नै हुन सकेको छैन। सबैभन्दा मह[illegible]वपूर्ण सवाल भनेको प्रत्येक व्यक्ति र परिवारलाई स्वास्थ्य, शिक्षा, रोजगारी उचित व्यवस्था मिलाउने दायित्व राज्यको हो तर अहिले यस्ता सेवा अत्यधिक व्यापारीकरणका कारण आमजनताको पहुँचबाट निकै पर पुगेको छ। देशमा रोजगारीको कुनै बजार नै छैन। नेपाल सरकारको अभिलेख अनुसार सन् २०२३ मा आठ लाख आठ हजार ४१५ जना युवा हवाई मार्गमार्फत वैदेशिक रोजगारीमा गएका छन्। यो सङ्ख्या वैधानिक रूपमा गएकाको मात्र हो। यस वर्षको कोरियन भाषा परीक्षामा एक लाख ४७ हजार जनाले परीक्षा दिए। जब कि त्यसका लागि आवश्यक कोटा भनेको जम्मा १८ हजार मात्र थियो। नेपालमा रोजगार र श्रम बजारको हालत यस्तो अवस्थामा रहेको छ। स्वदेशमा वस्तु तथा सेवा उत्पादन आधार बलियो हुन सकेको छैन, जसले गर्दा आयात व्यापारको मात्रा अनपेक्षित रफ्तारमा उच्च भइरहेको छ भने निर्यात व्यापारको हालत आशातीत रूपमा निकै कम रहेको छ।

अहिले जे जति मात्रामा प्रमुख राजनीतिक दलप्रति आलोचना भइरहेको छ, त्यसको प्रमुख कारण भनेको बेरोजगारी, आर्थिक मन्दी, महँगी, सुशासनको अभाव, जसरी हुन्छ सत्तामा पुग्ने होडबाजी आदि गतिविधिले हो। यद्यपि, नेपालमा विकास हुँदै नभएको भने होइन। यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, ऊर्जालगायत क्षेत्रमा आशालाग्दो ढङ्गले पूर्वाधार निर्माण भएका छन्। नेपाली जनशक्तिमा ज्ञान र सिपको मात्रामा प्रगति भएको छ। यसलाई सही ढङ्गले परिचालन, उपयोग र व्यवस्थापन गर्ने सवालमा समस्या भएको हो। यसै गरी सुशासनको पनि अभाव छ। सुशासनको अभावले जनतामा विकसित भएको गुनासो रूपान्तरित भएर आलोचना र प्रश्नको रूपमा राजनीतिक दल र व्यवस्थामाथि प्रहार भएको हो। यो तथ्यगत र यथार्थ अवस्थालाई सरकार र प्रमुख राजनीतिक दलले गम्भीरताका साथ लिनु पर्छ। त्यसैले लोकतान्त्रिक व्यवस्थालाई संरक्षण गर्ने दायित्व हाम्रो हो भन्ने मान्यताबाट निर्देशित भएर दलहरूले सहमतिको राजनीति गर्नु आवश्यक छ। निषेधलाई त्यागेर सद्भाव र सहकार्यको संस्कृति निर्माण गरी सभ्य राजनीतिको अभ्यास गर्नु आजको आवश्यकता हो।

# संघीयता सुधारका क्षेत्र



• ठाकुरप्रसाद बस्ताकोटी

विविधता व्यवस्थापनको दृष्टिले नेपालको संघीयता शासकीय आयाम अभिवृद्धिमा महत्वपूर्ण साबित हुने अपेक्षा गरिएको छ। राजनीतिक भाषामा सुशासन र समृद्धिको मार्गमा यसको अवलम्बन फलदायी हुने दलहरूको निचोड हो। यस तथ्यलाई संविधानले नै स्वीकार गरेको छ। समाजमा विद्यमान सामाजिक, आर्थिक, भौगोलिकलगायतका असमानता न्यूनीकरण गरी देशको विकासमा नयाँ आयाम भित्र्याउनु यस शासकीय शैली अवलम्बनको मूल अभीष्ट हो। क्षेत्रीय, समाजिक, सांस्कृतिक र आर्थिक हिसाबले न्यायोचित र समतामूलक समाज निर्माण गर्ने सङ्कल्पसँगै संघीयताको अवलम्बन गरिए पनि यस शासकीय प्रणालीलाई कतिपयले शङ्काको घेरामा समेत नराखेका होइनन्। संघीय प्रणालीको कार्यान्वयनसँगै केन्द्रीकृत विकास अवधारणालाई राजनीतिक, प्रशासनिक र वित्तीय रूपमा तल्लो तहसम्म निक्षेपित गर्ने अभिप्राय राज्य प्रणालीले राखेको छ। लोकतन्त्रलाई सहभागितामूलक शासन प्रणालीका रूपमा विकास गरी नेपालको शासन प्रणालीलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउने आमलक्ष्य हो।

### संघीय व्यवस्थाको संवैधानिक आधार

नेपालमा संघ, प्रदेश र स्थानीय तहसहित तीन तहको सरकारको व्यवस्था छ। यी तीन तहका सरकारको एकल र साझा अधिकारका विषयबारे संविधानमा स्पष्ट व्यवस्था गरिएको छ। प्रत्येक तहका एकल र साझा अधिकारका माध्यमद्वारा स्वशासन र साझा शासनको अवधारणा संविधानमा राखिएको छ। मन्त्रीपरिषद्ले संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको विस्तृतीकरण प्रतिवेदन तयार गरिसके पनि संघीय एकाइहरूबिच रहेका कतिपय अन्योल र अस्पष्टता भने अझै कायम छन्। सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीयतालाई संविधानमा उल्लेख गरेसँगै नेपाल सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचित रूपमा वितरण र हस्तान्तरण गर्ने आधार संवैधानिक रूपमा प्राप्त भएको छ।

क्षेत्रीय असन्तुलन र गरिबी तथा असमानता घटाउन आवश्यक स्रोत र साधनलाई समेत ध्यानमा राखी केन्द्रबाट सोझै प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ। केन्द्रबाट स्थानीय तहमा हस्तान्तरण गरिने चार किसिमको अनुदानको व्यवस्था छ, जसमा समानीकरण, सशर्त, परिपूरक र विशेष अनुदान छन्। प्रदेशले पनि समानीकरणका आधारमा स्थानीय तहलाई अनुदान दिने व्यवस्था छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसलाई राजस्व तथा स्रोत बाँडफाँट र हस्तान्तरणसमेतको आधार मानिने र यस सम्बद्ध राष्ट्रिय नीति, आवश्यकता र स्थानीय तहले पुऱ्याउनु पर्ने सेवा, राजस्व उठाउने क्षमता र सम्भाव्यता, विकास निर्माणमा गर्नुपर्ने सहयोगसमेतका लागि यसको सिफारिसलाई कानुनी व्यवस्थाले महत्व दिएको छ।

### अधिकारको बाँडफाँट

संविधानको अनुसूची ५ अनुसार राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, केन्द्रीय बैङ्क, वित्तीय नीति, राष्ट्रिय तहमा सबै विषयगत नीति र मापदण्ड निर्धारण गर्ने र नियमन गर्ने विषय संघीय सरकारका कार्यक्षेत्र हुन्। राष्ट्रिय प्राथमिकताका विषय र लक्ष्य, केन्द्रीय योजना, बिजुली, सिँचाइ, सञ्चार, राष्ट्रिय यातायात सञ्जाल जस्ता ठुला परियोजना, केन्द्रीय विश्वविद्यालय, तोकिएका राजस्व र करका विषय पनि यस अन्तर्गत पर्छ। राष्ट्रिय तहका शिक्षा, स्वास्थ्य, जल, कृषि, वन, भूउपयोग, बस्तीविकास, सूचना तथा सञ्चार, यातायात-राजमार्ग, रेलमार्ग, हवाई मार्ग, अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, राष्ट्रिय निकुञ्ज, वातावरण व्यवस्थापन, गरिबी निवारण आदि नीतिहरूको तर्जुमा केन्द्रको अधिकार क्षेत्रभित्र राखिएको छ।

प्रदेश सरकारले संघले बनाएको कानुनभित्र रही प्रदेशको शान्ति सुरक्षालगायत प्रदेश तहका सबै क्षेत्रगत योजना, कार्यक्रम र कार्यान्वयन, तिनको प्राथमिकीकरण, लक्ष्य निर्धारण, समन्वय आदि कार्य गर्ने र तोकिएका कर, शुल्क उठाउने अधिकार राख्छ। यसबमोजिम प्रदेश तहका राजमार्ग, ऊर्जा, सिँचाइ, खानेपानी, प्रदेश विश्वविद्यालय र उच्च शिक्षा, स्वास्थ्य सेवा, भूमि व्यवस्थापन, वन, कृषि, उद्योग, वातावरण व्यवस्थापन र सांस्कृतिक संरक्षण आदि क्षेत्रका नीति तथा कार्यक्रम गर्ने अधिकार प्रदेश सरकारको हो।

स्थानीय तहलाई सबै प्रकारका स्थानीय, आर्थिक, सामाजिक, पूर्वाधार र वातावरणीय सेवा र तिनको व्यवस्थापनको अधिकार दिइएको छ। संघीय र प्रदेश कानुन अन्तर्गत रही आफ्नै कानुन बनाउन पाउने अधिकार तथा स्थानीय रूपमा अर्धन्यायिक प्रकृतिका निर्णयका लागि स्थानीय न्यायिक समितिको जिम्मेवारीसमेत संविधानले प्रदान गरेको छ। माध्यमिक तहसम्मको आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई, सामाजिक सुरक्षा, कृषि, खानेपानी, सिँचाइ, साना जलविद्युत् सहरी र बस्ती विकास, स्थानीय वातावरणीय व्यवस्थापन, प्रकोप व्यवस्थापन आदि कार्यक्रम र सेवाका विषय स्थानीय सरकारको जिम्मामा पर्छन् भने स्थानीय तहका लागि तोकिएका विषयका कर र शुल्क उठाउने अधिकार पनि छ। संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको प्रयोग परस्पर समन्वयका आधारमा गर्ने व्यवस्था छ। कतिपय विषयको अधिकारको घेरा एकअर्का तहसँग जुधेको वा दोहोरिएको पनि देखिन्छ।

### राजनीतिक प्रतिबद्धता

संघीयता प्रत्येक देशले आआफ्नै विशेष राजनीतिक, सामाजिक र आर्थिक विकासका बदलिँदो परिस्थितिका आवश्यकताका सन्दर्भमा निर्माण गर्ने शासकीय संरचना हो। नेपालको सन्दर्भमा तीन तहमा आधारित सात प्रदेशसहितको शासकीय संरचनालाई केन्द्रमा राखी यसको संस्थागत विकास गरिएको छ। तीनै तहका अधिकार र अन्तर्निहित दायित्व नेपालको संविधानले निर्दिष्ट गरेको छ। सत्ता र शक्तिकै हानाथाप गर्ने प्रवृत्ति बढ्दै जाँदा संघीयता कार्यान्वयनको सुदृढ मार्गचित्र बनाई आर्थिक तथा सामाजिक विकास गर्न हाम्रो ध्यान गएको देखिँदैन। केन्द्रमा सरकार परिवर्तन भएपछि तल्ला तहमा समेत त्यसको असर परेको देखिन्छ। राजनीति, प्रशासनिक र वित्तीय रूपमा विकेन्द्रित हुनुपर्ने अधिकार पनि सकेसम्म केन्द्रतिर तान्ने प्रवृत्ति मूल रूपमा राजनीतिक नेतृत्वमा देखिएको छ। जसका कारण प्रदेश र स्थानीय सरकारको कानुनी र प्रक्रियागत सुदृढीकरणमा समेत पर्याप्त समन्वय र सहकार्य हुन सकेको देखिँदैन।

संघीयताले राजनीतिक, वित्तीय र प्रशासनिक रूपमा शक्ति निक्षेपणप्रतिको सुदृढ प्रतिबद्धताको माग गरेको छ। राजनीतिक व्यवस्थापनको साधनका रूपमा यसलाई दुरुपयोग हुनबाट जोगाउन सरोकारवाला सजग रहनु आवश्यक छ। कर्मचारीको संख्या संघ र प्रदेशमा भन्दा स्थानीय तहमा बढी केन्द्रित गर्नुपर्ने अवस्थालाई पर्याप्त ध्यान दिन सकेको देखिँदैन भने सल्लाहकार, सचिवालय तथा आवश्यकबाहेकका संख्यामा करारका कर्मचारी भर्ना गर्ने प्रवृत्ति पनि झाँगिँदै गएको छ। आर्थिक पक्ष हेर्दा करको किसिम र दर, सेवा सुविधाको गुणस्तरीय विस्तार, कर तिर्न सक्ने क्षमता तथा आय र रोजगारीको वृद्धिसँग जोडिनुपर्ने बुझाइलाई संस्थागत गर्न सकिएको छैन। समग्रमा उत्पादनमुखी नतिजालाई राजनीतिक, आर्थिक र प्रशासनिक पाटाबाट हेर्न विहङ्गम दृष्टिकोण विकास गर्नु आवश्यक छ।

### अन्तरसरकारी समन्वय र सुदृढीकरण

तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानको धारा २३२ ले गरेको छ। यी आधार अधिकार सूचीका कुन कुन विषयमा कसरी व्यक्त हुन्छन् भन्ने विषयमा स्पष्टता दिन अझ धेरै कानुनी तथा व्यावहारिक कार्य गर्न बाँकी देखिन्छ। संघीय एकाइहरूबिच समन्वयको अवस्थालाई सबल बनाउन संघ र प्रदेश अनि प्रदेश र स्थानीय तहका बिच नीति, योजना र कार्यक्रमको पक्षमा प्रशस्त समीक्षा हुन धेरै गृहकार्य गर्नुपर्ने छ। नीति निर्माण तथा कार्यान्वयन तहमा केन्द्रीकृत मानसिकता हटाउन प्रदेश र स्थानीय तहमा परनिर्भरता एवं माथितिर मुख ताक्ने प्रवृत्ति पनि अन्त्य गर्न ध्यान दिनु पर्छ। यसका लागि स्थानीय सशक्तीकरण अभियान सञ्चालन गर्नु जरुरी छ।

संघीय कानुनको अभावमा प्रदेश र स्थानीय तहका थुप्रै महत्वपूर्ण कानुन बन्न सकेको छैन। यस्तो अवस्थाबाट प्रादेशिक र स्थानीय शासन पद्धतिमा थुप्रै कार्य गर्न बाँकी छ। कार्यक्रम र बजेटको पारदर्शिता रहने र सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी बनाउन शासकीय जवाफदेहिता अभिवृद्धि गर्नु आवश्यक छ। महालेखापरीक्षक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरूले प्रदेश र स्थानीय तहका बेरुजु तथा अनियमितताका संख्या बढ्दै गएको देखाउँछ। यस्तो अवस्थामा सुधार ल्याउन शासकीय उत्तरदायित्वमुखी अभियान सञ्चालन हुनुपर्ने देखिन्छ। स्थानीय तहमा सेवाग्राहीप्रति जवाफदेही हुनुपर्ने प्रशासनिक संयन्त्र विकास हुनु पर्छ भने चुस्त र नतिजामुखी कर्मचारीतन्त्र निर्माण गरी कार्यसम्पादनमा गुणस्तरीयता बढाउने कार्यलाई केन्द्रमा राख्नु आवश्यक छ।

### जनसहभागिता र जवाफदेहिता अभिवृद्धि

शासकीय अधिकारलाई तल्लो तहसम्म संस्थागत गर्नुको खास उद्देश्य सहभागितात्मक लोकतन्त्रको जग सबल बनाउनु हो। त्यसका निम्ति स्थानीय सरकार, चुनिएका जनप्रतिनिधि र साधारण नागरिक तथा नागरिक समाजबिचको सम्बन्ध सुदृढ हुनु पर्छ। कर्मचारीको क्षमता अभिवृद्धि गरिनु पर्छ भने उनीहरूको कार्यक्षेत्रगत तथा पेसागत सुरक्षा सुनिश्चित हुनु पर्छ। स्थानीय सरकारको कामको लेखाजोखा र मूल्याङ्कन गर्ने सहभागितामूलक विधि संस्थागत गर्न ध्यान दिई स्थानीय सरकारलाई जवाफदेही र जनउत्तरदायी बनाउन ध्यान दिन आवश्यक छ।

शिक्षा र स्वास्थ्य सेवाको गुणस्तरीयता, अनुगमन जस्ता विषयमा स्थानीय तहले पाएको जिम्मेवारी हेर्दा शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारका विषयमा समेत क्षमता अभिवृद्धि गरी विकासको मूल फुटाउन यी निकायको क्षमता विकास अनिवार्य क्षेत्र हुन्। त्यसैले यस्ता विषयमा स्थानीय सरकारको क्षमता विकास पहिलो प्राथमिकतामा पर्नु आवश्यक छ। कार्यक्षेत्र अनुसारको दक्ष जनशक्ति विकास सुनिश्चित गर्दै कतिपय अधिकार क्षेत्रमा देखिएका दोहोरोपनाको अन्त्य गर्न प्रशस्त गृहकार्य गर्नु पर्छ। केन्द्रले निर्देशन दिने र प्रदेश र स्थानीय तहले त्यसलाई मान्नुपर्ने जस्तो प्रवृत्तिमा नियन्त्रण गरी स्थानीय सशक्तीकरणको प्रत्याभूतिका लागि नवप्रवर्तनमुखी अवधारणा अवलम्बन गर्नु आवश्यक छ।

देशको पुँजीगत खर्च साह्रै न्यून रहेको अवस्थाले हाम्रो खर्च गर्न सक्ने क्षमतामा प्रश्न उठ्दै आएको छ। यो स्थिति लामो समयदेखि विद्यमान छ। स्थानीय तह र प्रदेश तहमा समेत यस्तो अवस्थाले निरन्तरता पाइरहेको छ। कार्य सम्पादनको यस्तो गति सन्तोषजनक होइन। संघीयताको लाभलाई तल्लो तहसम्म वितरण गर्न हाम्रो शासकीय प्रणालीमा व्यापक सुधारको आवश्यकता देखाएको छ।

# २८ जिल्लामा राष्ट्रिय परिचयपत्र अनिवार्य

झापा(प्रस) । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले साउन १ गतेदेखि २८ जिल्लामा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ ।
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जारी गरेको सूचना अनुसार मन्त्रीपरिषद्को २०८१ जेठ २४ गतेको बैठकले गरेको



निर्णयका आधारमा पहिलो चरणमा २८ जिल्लामा यो प्रावधान लागु गर्न लागिएको हो । मन्त्रिपरिषद्को निर्णय अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको जिल्लाका सेवाग्राहीले राष्ट्रिय परिचयपत्र बनाएकै हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले झापा, मोरङ, सुनसरी, रौतहट, रुपन्देही, सर्लाही, कपिलवस्तु, काठमाडौँ, दाङ, उदयपुर, भक्तपुर, बाँके, सप्तरी, ललितपुर, बर्दिया, सिराहा, सिन्धुली, सुर्खेत, धनुषा, मकवानपुर, कैलाली, महोत्तरी, चितवन, कञ्चनपुर, बारा, कास्की, पर्सा र तनहुँका लागि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र हुनुपर्ने अनिवार्य व्यवस्था गरेको हो ।
विभागले सामाजिक सुरक्षा भत्ता नवीकरण २०८१ भदौ मसान्तसम्म गर्न सकिने भएकाले परिचयपत्रमा विवरण दर्ता गर्न छुट भएका व्यक्तिले आफ्नो वडा कार्यालयसँग सम्पर्क गर्न सूचित गरेको सूचनामा भनिएको छ ।

# असार ३ गते सार्वजनिक बिदा




झापा(प्रस) । सरकारले यही असार ३ गते सार्वजनिक बिदा दिएको छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले शुक्रबार विज्ञप्ति जारी गर्दै असार ३ गते सोमवार बक्र ईदका अवसरमा सार्वजनिक बिदा दिइएको उल्लेख गरेका छन्।
सरकारले इस्लाम धर्मावलम्बीहरूको पर्व बक्र ईद (उल-अजहा) का अवसरमा बिदा दिने निर्णय गरेको हो।

# दुई नावालक छोरासहित आमा मृत फेला

झापा(प्रस) । झापाको शिवसताक्षी नगरपालिका वडा नं ३ भोटेपुलमा शुक्रवार बिहान एकै घरका दुई बालकसहित तीनजना मृत फेला परेका छन् । बिहान अन्दाजी ९ बजेको समयमा सुजन बेम्नाकी श्रीमती २५ वर्षीया अन्जली बेम्ना , उनका छोराहरु ८ वर्षका बिशाल अन्जलीका सौतेनीपट्टीका छोरा हुन् । अन्जली सुजनकी कान्छी श्रीमती हुन् । आफ्ना दुई छोरालाई विष सेवन गराई हत्या गरेपछि उनले आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ । घटनास्थलनजिकै बमिट गरेजस्तो देखिने र बिषादिको जस्तो गन्ध आईरहेको प्रहरीले



बिशाल बेम्ना र ३० महिनाका आयुष बेम्ना मृत फेला परेका हुन् । अन्जली आफ्नै घरभित्र बाँसको बलोमा सलको पासोमा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् भने सोही कोठाको ओछ्यानमा उनका जेठा छोरा बिशाल र कान्छो छोरा आयुष मृत फेला परेका थिए । जनाएको छ ।सुजन बेम्ना वैदेशिक रोजगारीका लागि कतार गएका छन् । उनी गत फागुन महिनामा कतार गएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको जनाइएको छ ।

# ‘लन्डन टु पेरिस’ को गीत सार्वजनिक



झापा(प्रस) । चलचित्र ‘लन्डन टु पेरिस’ को नयाँ गीत ‘हतारले’ सार्वजनिक भएको छ । प्रदर्शनरत चलचित्रको गीत युट्युबमार्फत सार्वजनिक गरिएको हो । गीतमा सलिन मगरको शब्द, सङ्गीत र स्वर छ । गीतमा मुख्य चार कलाकार निश्चल खड्का, कबिर खड्का, गरिमा शर्मा र रुष्मा थापा देखिएका छन् ।
‘घनश्याम लामिछाने निर्देशित चलचित्रले ट्राभल लभस्टोरीको कथा पेस गर्छ । यसको कथा, पटकथा र संवाद प्रदीप भारद्वाजले लेखेका हन् । साम्राज्ञी, निश्चल र गरिमासँगै कबिर खड्का, रुष्मा थापा, मनिष श्रेष्ठ तथा मनिष गान्धीको चलचित्रमा अभिनय रहेको छ । निश्चल र गरिमाले यही चलचित्रबाट डेब्यु गरेका हन् ।
एबी इन्टरनेसनलको प्रस्तुति रहेको चलचित्रमा गौतम प्रोडक्सन र अर्चिड भेस फिल्म्स लिमिटेडको निर्माण सहकार्य रहेको छ । यसमा अमित बस्नेत, आरोन बस्नेत, एरियाना बस्नेत तथा परी राना निर्माताका रूपमा रहेका छन् । सनिश खकुरेल र अजित केआर थापा सहनिर्माता रहेको फिल्ममा अङ्कित गौतम, सुरज कुँवर र विजय भण्डारी कार्यकारी निर्माता हुन् ।

# श्रमका लागि विदेश जाने महिलाको संख्या बढ्दो

झापा(प्रस) । पछिल्लो समयमा रोजगारीको खोजीमा श्रम स्वीकृति लिएर विदेश जानेको संख्या बढेसँगै श्रम स्वीकृति लिएर विदेश जाने महिलाको संख्या पनि बढेको छ ।
वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को पछिल्लो १० महिनामा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने महिलाको संख्या १६ प्रतिशतले बढेको हो ।
सरकारले घरेलु श्रममा खाडी जाने महिलालाई




रोक लगाए पनि पछिल्लो समय घरेलु श्रमबाहेकका कामका लागि संस्थागत श्रम स्वीकृति लिन जाने बढेको छ । विभागका अनुसार गत वर्षको १० महिनामा २७ हजार २१४ महिला वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीमार्फत वैदेशिक रोजगारीमा गएकोमा चालु आवमा ३१ हजार ५८५ पुगेका छन् । वैधानिकीकरण र पुनः विदेश जानेको संख्या त्योभन्दा बढी रहेको छ ।
विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार विगत पाँच वर्षमा विदेश जाने महिलाको हिस्सा पाँच प्रतिशतबाट वृद्धि भएर १२ प्रतिशत पुगेको छ । विभागका निर्देशक गुरुदत्त सुवेदीले वैदेशिक रोजगारीमा जाने समग्र संख्या वृद्धिसँगै महिलाको हिस्सा पनि क्रमशः बढेको बताए ।
घरेलु श्रममा जान महिलालाई प्रतिबन्ध लगाए पनि अन्य काममा जान खुला रहेको बताउँदै उनले भने, “पछिल्लो समयमा महिला श्रम स्वीकृति लिएर होटेल, उत्पादन उद्योग, सुपरमार्केटलगायतका क्षेत्रमा जाने गरेका छन्, यो क्रमशः बढ्दो छ ।”

सरकारले वैदेशिक रोजगारीमा घरेलु श्रमिकका रूपमा जाने महिलाको श्रम स्वीकृति रोक्का गरे पनि आव २०७८/७९ मा सबैभन्दा बढी महिलाले विदेश जान श्रम स्वीकृति लिएका थिए । २०७४ सालमा संसद्को परराष्ट्र तथा श्रम सम्बन्ध समितिको अध्ययनले घरेलु श्रमिकका रूपमा जाने महिला असुरक्षित रहेको जनाउँदै त्यसलाई रोक्न सरकारलाई निर्देशन दिएपछि विदेश जाने महिलाको संख्या घट्दै गएको थियो ।
विभागका अनुसार संयुक्त अरब इमिरेट्स (युएई), कतार, दक्षिण कोरिया, इजरायल, कुवेत, साइप्रस र मलेसिया जस्ता श्रम गन्तव्यमा नेपाली महिला श्रमिक रोजगारीका लागि बढी जाने गरेका छन् । वैदेशिक रोजगारीका लागि ११० वटा देश खुला गरिएको भए पनि नेपाली महिलाका लागि मलेसिया, कतार, साउदी अरेबिया, युएई, दक्षिण कोरिया, कुवेत, जोर्डनलगायतका देश वैदेशिक रोजगारीका मुख्य गन्तव्य रहेका छन् । जसमा ५० प्रतिशत हिस्सा युएई र कतारले ओगटेका छन् । वैदेशिक रोजगारीमा जानेको संख्या सबैभन्दा बढी मधेश प्रदेशबाट छ तर महिलाको संख्या भने पहाडी जिल्लाबाट गएको देखिन्छ ।
वैदेशिक रोजगारीमा जाने महिलाको कुल संख्याको विश्लेषण गर्दा केही पहाडबाट बसाइँ सरेर मिश्रित समुदायको बसाइ भएका तराईका जिल्लाबाहेक बागमती प्रदेशका पहाडी जिल्लाहरूको बाहुल्य छ । जिल्लागत हिसाबले सबैभन्दा बढी वैदेशिक रोजगारीमा झापा, सिन्धुपाल्चोक, मोरङ र काठमाडौँका महिला गएका छन् । सिप र दक्षताको तुलना गर्दा वैदेशिक रोजगारीमा जाने पुरुषको तुलनामा उच्च दक्ष र पेशाकर्मी महिलाको प्रतिशत राम्रो रहेको विभागको तथ्याङ्कमा उल्लेख छ ।
वैदेशिक रोजगारीमा उच्च दक्ष र पेशाकर्मी पुरुष क्रमशः ०.०५ र ०.११ प्रतिशत रहेकामा महिलाको हिस्सा भने उच्च दक्षमा ०.०६ र पेसाकर्मीका रूपमा ०.३० प्रतिशत रहेको छ । अर्धदक्ष, दक्ष र अदक्षमा भने पुरुषको तुलनामा महिलाको संख्या बढी छ ।
नेपाल श्रम आप्रवासन प्रतिवेदन अनुसार महिला श्रमिक युएईमा सबैभन्दा बढी रहेका छन् । कुल महिला श्रमिकमध्ये ५० प्रतिशतभन्दा बढी पुनः श्रम स्वीकृति युएईका लागि गरिएको प्रतिवेदनमा उल्लेख छ । महिला श्रमिक विशेष गरी होटेल तथा सुपरमार्केटमा सरसफाइ, आतिथ्य, सामान प्याकिङ र अस्पतालमा सरसफाइ, हेरचाह तथा स्याहारसुसार जस्ता काममा गएको पाइन्छ ।

# सुनसरीका फुयालले पाए यूएईको ‘गोल्डेन भिसा’

झापा(प्रस) । संयुक्त अरब इमिरेट्स (यूएई)ले सन् २०२० बाट सुरु गरेको ‘गोल्डेन भिसा’ पाउने दोस्रो नेपाली इटहरी निवासी सुमन फुयाल बनेका छन् । यो भिसा सर्वसाधारण नागरिकले पाउन असम्भवजस्तै नै छ । यसअघि एक नेपालीले यो भिसा प्राप्त गरेका थिए । उनी यूएईमै कार्यरत व्यक्ति थिए ।
हालै गोल्डेन भिसा प्राप्त गर्न सफल सुमनले भने नेपालबाटै दुई महिनाअघि अनलाइनमार्फत् आवेदन दिएका थिए । नेपालबाट आवेदन दिएर यो भिसा प्राप्त गर्ने उनी पहिलो नेपाली हुन् ।
यो भिसा ‘असाधारण प्रतिभा’ भएका यूएईका स्वदेशी तथा विदेशी नागरिकले स्थायी बसोबासको



व्यवस्थासहित १० वर्षका लागि नवीकरण गर्ने सुविधासहित प्राप्त गर्न सक्छन् । गोल्डेन भिसाअन्तर्गत डाक्टर, इन्जिनियर्स, वैज्ञानिक तथा कलाकारजस्ता प्रतिभावान् व्यक्तिलाई प्राथमिकता दिइन्छ । सुमन फुयाल आईटी एक्स्पर्ट हुन् । उनले यूएई पुगेर गोल्डेन भिसा लिइसकेका छन् । सुनसरीको इटहरीमै रहेर करिब १० वर्षदेखि निरन्तर लागिपरेर आफ्नो आईटी करियरलाई अन्तरार्ष्ट्रियकरण गरेका उनी चर्चित अनलाइन प्लाटफर्म ‘विक्स’को पार्टनरसमेत हुन् । नेपालबाट उनी यसका लागि एक मात्र पार्टनर हुन् । यस्तै उनले आईटी क्षेत्रबाट वर्ल्ड रेकर्डसमेत राखेका छन् । उनले गुगल, माइक्रोसफ्टलगायत १८ अन्य प्लाटफर्मबाट सर्टिफिकेटसमेत प्राप्त गरिसकेका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ